# नेपालमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन पक्ष एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाण्डौको स्नातकोत्तर तह दोस्रो वर्षका लागि प्रस्तुत

## शोध-पत्र


**शोधकर्ता**

राधा चालिसे

त्रि.वि.दर्ता नं. १६३५२९४

परीक्षा सि.नं. ३६९८


असार, २०६६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि मेरो प्रत्यक्ष निर्देशन ,सल्लाह र सुपरीवेक्षणमा राधा चालिसेले **नेपालमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन पक्ष एक अध्ययन** विषयमा यो शोधकार्य तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र स्वीकृतिका लागि सिफरिस गर्दछु ।

चिरञ्जीवी खनाल

सह-प्राध्यापक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि राधा चालिसेले **नेपालमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन पक्ष एक अध्ययन** विषयमा तयार गर्नु भएको प्रस्तुत शोधपत्र उक्त उपाधिको लागि स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

(प्रवलराज पोखरेल)
विभागीय प्रमुख ..........................................

बाह्य निर्देशक ..........................................

(चिरञ्जीवी खनाल)
शोध निर्देशक ..........................................

मिति ............................................

# प्राक्कथन

स्नातकोत्तर उपाधिका लागि शोधकार्य पुरा गर्नैपर्ने थियो । काम एक्लैको भएपनि त्यसमा प्रत्यक्ष वा अप्रत्यक्ष धेरैको सहयोग अपरिहार्य रह्यो नै । अध्ययनको लागि चाहिने तथ्याङ्क सूचना र जानकारी संकलनमा सहयोग पुर्‍याउने व्यक्तिहरुको सहयोग मेरा लागि ज्यादै महत्वपूर्ण रह्यो ।

विशेष गरी शोधकार्यको शुरुदेखि शोधग्रन्थ तयार गर्दासम्म उचित मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक चिरञ्जीवी खनाल प्रति कृतज्ञता प्रकट गर्दछु । अध्ययनको यस विषय प्रति उहाँले देखाउनुभएको अभिरुचि ,सल्लाहा र सुझाव मेरा लागि मूल्यवान बने । विभागीय प्रमुख प्रवल राज पोखरेलको सहयोग र निर्देशनले मलाई  पथ प्रेरणा मात्र नभई शोध कार्य समयमा सम्पन्न गर्न उत्साह समेत थपिदियो ।

प्रश्नावली भरेर सहयोग गर्ने सञ्चारकर्मी, सञ्चार प्रतिष्ठानका व्यबस्थापक र विभिन्न पठनीय सामाग्री उपलब्ध गराई सहयोग गर्ने व्यक्तिहरु धन्यबादका पात्र हुनुहुन्छ । विशेष गरी  सुरेश आचार्य, तारानाथ दाहाल लगायतका व्यक्तिको सहयोग प्रति आभार व्यक्त गर्न चाहन्छु । साथी प्रकाश आचार्यले दिनु भएको सल्लाह, सुझाव र सहयोगलाई स्मरण गर्न चाहन्छु ।

अन्तमा यो शोधकार्य सम्पन्न गर्न बारम्बार झक्झकाउने आदरणीय आमा बाबाको प्रेरणालाई स्मरण गर्न चाहान्छु ।

त्यसै गरी यो कार्य सम्पन्न गर्ने शिलशिलामा उचित बाताबरण बनाई दिएर उत्साहा, हौसल्ला र जाँगर थपिदिने मित्र लक्ष्मणप्रसाद ढुङ्गाना प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

**राधा चालिसे**

# अनुसन्धानको सार

नेपाली पत्रकारिता शुरुवात भएको झण्डै एक शताब्दी भइसकेको छ । गोरखापत्रको प्रकाशन भएको आधा शताव्दी भन्दा वढी भएपछि विद्युतीय संचार माध्यमको रुपमा रेडियो नेपालको जन्म भयो । टिभीको जन्म हुनुलाई करीव आधा शताव्दी अर्को कुर्नु पर्‍यो । नेपालको राजनैतिक परिवर्तनको उतारचढावले पत्रकारिताको विकासमा प्रतिकूल असर परिनैरह्यो । कहिले राणा शासनको हुकुमी प्रथा,कहिले पञ्चायतकालको कुदृष्टि त कहिले राजाको प्रत्यक्ष शासनको खप्की नेपाली पत्रकारिताले भोग्नु पर्‍यो । तर पनि २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापनाले यसको सर्वपक्षीय (छापा, विद्युतीय) क्षेत्रको संख्यात्मक र गुणात्मक विकास नगरेको भने चाही होईन ।

यति हुदाँहुदै पनि विश्वका अन्य देशको तुलनामा यस क्षेत्रमा काम गरेर जीवीका चलाउनेहरुले भने व्यवसायिक भएर अगाडि वढ्न सकेको छैन । अझै पनि औंला गन्न सकिने वाहेक अन्य पत्रकारको अवस्थामा गुणात्मक परिवर्तन आएको छैन । यस अध्ययनको क्रममा गरिएको सर्वेक्षणले पत्रकारिता पेशामा अझै पनि खुल्ला प्रतिस्पर्धावाट प्रवेश गर्ने भन्दा परिवारवाद,नातावाद र कृपावाद र राजनितिक आस्थाकै आधार नै बलियो भएको पाइन्छ ।

उपत्यका वाहिर पनि संचार जगतको विकासले ठूलै फड्को मारेको छ । विगतको तुलनामा संचारप्रतिष्ठानको गुणात्मक र संख्यात्मक विकास भएकै हुन् । तर पनि विशुद्ध पत्रकारिता मात्र गरेर आफू र आफ्नो परिवारको पेट पाल्न सक्ने हैसियत उपत्यका वाहिरका अत्यन्त कम पत्रकारले मात्र राखेका छन् । व्यवसायिकताको खाँचो भने छदैछ । काम शुरु गर्दा आधारभूत शर्तको रुपमा  नियुक्ति पत्र दिने वा लिएर मात्र काम शुरु गर्ने परिपाटीको आवश्यकता समेत महशुस गरिएको छैन । पेशागत सुरक्षाको लागि तोकिएको सर्तमा काम दिने र लिने प्रचलन एकाध प्रतिष्ठानमा वाहेक छदैछैन । नियमावलीले गरेको विदा पाउने प्रावधान त नगण्य रुपमा मात्र लागू भएको पाईन्छ ।

# विषयसूची


**प्राक्कथन**

**अनुसन्धान सारांश**

**अध्याय एक**
**परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | परिभाषा | ४ |
| १.३ | समस्याको पहिचान | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ११ |
| १.५ | अध्ययनको महत्व | ११ |
| १.६ | सैद्धान्तिक खाका | १२ |
| १.७ | अवधारणागत खाकाको सारभूत वर्णन | १४ |
| १.८ | अध्ययनको दायरा र सीमाहरु | १५ |
| १.९ | विषयको परिकल्पना | १६ |

**अध्याय दुई**
**पूर्व कार्य तथा साहित्य समीक्षा**

| | | |
|---|---|---|
| २.१ | ऐतिहासिक पक्ष | १७ |
| २.२ | पेशागत संगठन | २१ |
| २.३ | नेपालमा श्रमजीवी पत्रकारका संगठन | २२ |
| २.४ | श्रमजीवी पत्रकारहरुको कानूनी अधिकार | २७ |
| २.५ | व्यवहारिक पक्ष | २९ |
| २.६ | श्रमजीवी पत्रकार कर्मचारी र कामदारको अवस्था | ३३ |
| २.७ | श्रमजीवी पत्रकार ऐन बनेपछिको नयाँ व्यवस्था | ३४ |
| २.८ | श्रमजीवी पत्रकार ऐन र महिला सवाल | ३५ |

**अध्याय तीन**
**अनुसन्धान पद्दति**

| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्रको छनौट | ३८ |
| ३.२ | नमूना छनौट विधि र आकार | ३८ |
| ३.३ | तथ्याङ्कको प्रकृति र स्रोत | ३९ |
| ३.४ | तथ्याङ्क संकलन पद्दति | ४० |

**अध्याय चार**
**तथ्याङ्क विशलेषण**

| | | |
|---|---|---|
| ४.१. | पत्रकारिता पेशा छनौटको कारण | ४१ |
| ४.२ | सेवाको प्रक्रिया | ४२ |
| ४.३ | पत्रकारिता गरेको समयावधी | ४३ |
| ४.४ | पदीय प्रकृति | ४३ |
| ४.५ | नियुक्ती पत्र | ४५ |
| ४.६ | पारिश्रमिकका आधारहरु | ४५ |
| ४.७ | पारिश्रमिकको अनुपात | ४६ |
| ४.८ | पारिश्रमिक बाहेकका अन्य सुविधाहरु | ४७ |
| ४.९ | समान कामको लागि समान ज्याला | ४८ |

४.१० ऐन बारेको चासो ४९
४.११ ऐन र उपभोग ५०
४.१२ ऐन र कार्यान्वयन पक्ष ५१

४.१४ विदाको सुविधा ५२
४.१५ थप सुविधा ५३
४.१६ पेशा प्रतिको सन्तुष्टि ५३
४.१७ श्रमजीवी पत्रकार ऐन र व्यवस्थापक पक्ष ५४
४.१७.१ सञ्चारकर्मीको संख्या ५५
४.१७.२ नियुक्तीपत्र पाउनको संख्या ५६
४.१७.३ नियुक्ती पत्रको माग ५७
४.१७.४ नियुक्तीपत्र नदिनुको कारण ५८
४.१७.५ श्रम ऐनको आवश्यकता ५९
४.१७.६ श्रम ऐनको असर ५९

**अध्याय पाँच**
**उपलब्धी, निष्कर्ष र सुझाव**

५.१ उपलब्धी ६१
५.२ निष्कर्ष ६३
५.३ सुझाव ६४

अध्ययनको पृष्ठभूमि

नेपालमा विस १९५० मा प्रकासित साहित्यिक पत्रिका सुधासागरको प्रकासनले पत्रपत्रिकाको ईतिहास शुरु हुन्छ । यसको तीन वर्ष पछि विस १९५८ मा 'गोर्खापत्र' साप्ताहिकको रुपमा शुरु भयो । विस २००० सालमा हप्ताको दुईएपटक प्रकाशित हुन थाल्यो । विस २००३ मा जोसुकै नेपालीले पनि रेडियो राख्न पाउने व्यवस्थाले नेपाली संचार क्षेत्रमा अर्को खुड्किलो थपियो । ईतिहास हेर्दा १९५० को दशकमा पत्रपत्रिकाको शुरुवात भएको देखिए तापनि  वास्तविक पत्रकारिताको शुरुवात भएको भने २००७ सालको जनक्रान्ति पछि नै हो । २००७ साल फागुन ४गते प्रकाशित 'जागरण साप्ताहिक र फागुन ८ गते देखि प्रकाशित 'आवाज' दैनिक पत्रकारिताको ईतिहासमा पहिलो साप्ताहिक र दैनिक पत्रिका बन्न पुगे ।

२०१४ साल सम्ममा काठमाण्डौंबाट मात्र नेवारी ,हिन्दी, र अंग्रेजी जस्ता विभिन्न भाषामा पत्रपत्रिकाको प्रकासन शुरु भयो । विभिन्न रुपमा खुलेका संचार माध्ययमहरुलाई  स्वेदेशी तथा विदेशी समाचार उपलव्ध गराउनका लागि गठित नेपाल सम्बाद समिति २०१६ र सगरमाथा संवाद सिमिति २०१७ एकृकित भएर २०१९मा राष्ट्रिय समाचार समिति बन्यो । यो नेपाली संचार क्षेत्रको विकाशमा थप कोशे ढुङ्गा सावित हुन पुग्यो ।

२०२२ सालमा प्रचार प्रसार मन्त्रालय गठन भयो । २०२७ सालमा *विकासको लागि संचार* भन्ने अवधारणलाई साकार रुप दिन तयार गरिएको राष्ट्रिय संचार योजना २०२८ लागू गरियो । यो लागूभएपछि प्रचार प्रसार मन्त्रालयको नाम पनि परिर्वतन भएर संचार मन्त्रालय हुन पुग्यो ।

विस २०३६ मा जनमत संग्रहको घोषणापछि तत्कालिन श्री ५ महाराजधिराजबाट जनमत संग्रहको परिप्रेक्ष्यमा  स्वतन्त्रताको उपयोग गर्नका लागि प्रचलित कानूनको बन्देजबाट छुट प्रदान गर्न र स्वस्थ प्रजातान्त्रिक अभ्यासका लागि मर्यादित तथा तथ्यपूर्ण

आलोचना प्रत्यालोचना गर्ने परम्परा बसाउन ,स्वतन्त्रताको हक उपभोग गर्न पाउने व्यवस्था मिलाउन एवं शान्ति र व्यवस्था कायम राख्न वाक तथा प्रकाशन स्वतन्त्रता ऐन २०३७ जारी गरियो ।  यही क्रममा पत्रकार जगतको समस्या र तिनको समाधानको उपायबारे अध्ययन गरी एक सुझाव पेश गर्न शाही प्रेस आयोग गठन गरियो । सो आयोगले  नेपाली पत्रकारिता जगतमा गर्नुपर्ने अत्यावश्यक सुधारका कार्यहरु एवं प्रदान गर्नुपर्ने विविध सुविधाहरु सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन पेश गरेको पाईन्छ ।

विस २०३७ ३८ मा नेपालमा विदेशी च्यानलका टि भी भित्रिन थालेपछि टि भीको आवश्कता महशुश गरी २०४१ सालमा परियोजनाको रुपमा शुरुभएको टि भी प्रशारणले २०४२ सालदेखि निरन्तर प्रशारण शुरु गर्‍यो । यसलाई नेपाली संचार जगतको ईतिहासका ठूलै फड्कोको रुपमा लिनु पर्छ ।

मुलुकमा राष्ट्रिय योजना लागु भएको १७ वर्ष पछि यसको नीति र कार्यक्रमलाई पुन मूल्याङ्कन गरी २०४५ सालमा नयाँ संचार नीति तथा कार्यक्रम लागू गरियो ।

२०४६ सालको जनआन्दोलनले ल्याएको राजनैतिक परिर्वतन पछि २०४७ सालमा जारी गरिएको तत्कालिन नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त मौलिक हकको रुपमा व्यवस्था गरिएको विचार र अभिव्यक्तिको स्वतन्त्रता , पत्रपत्रिका प्रकाशन गर्नपाउने स्वतन्त्रता र सूचनाको हक सम्बन्धी व्यवस्थाले नेपाली संचार जगतमा ठूलै क्रान्ति ल्याईदियो । संविधानद्वारा प्रदत्त सोही हकका कारणले उपत्यकामा मात्र नभई उपत्यमा बाहिर पनि संख्यात्मक र गुणत्मक दुवै रुपमा पत्रपत्रिका एफ एम रेडियो टिभी च्यानलहरु अनलाइन पत्रकारितामा बाढी नै ल्याईदियो ।

हाल नेपालमा दैनिक अर्धसाप्ताहिक साप्ताहिक ,साप्ताहिक, पाक्षिक , मासिक द्वैमासिक त्रैमासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक गरी ४ हजार ८ सय ७१ पत्रपत्रिका प्रकासित भएको तथ्याङ्क पाईन्छ । ती पत्रपत्रिका नेपाली, अंग्रेजी, हिन्दी , नेवारी, मैथिली , भोजपुरी, संस्कृत, उर्दु, तिव्वती, थारु , लिम्बु, डोटेली, तामाङ , राई र अन्य विविध भाषामा प्रकाशित भएको पाईन्छ । (स्रोत मिडिया डाईरेक्टरी २०६५, सूचना विभाग)

त्यसैगरी प्रशारण भईरहेको र लाईसेन्स लिईसकेको गरी एफ एम रेडियोको संख्या २ सय नाघिसकेको छ भने टि भी च्यानलहरुको संख्या नौ पुगिसकेकोछ ।

यसरी संचारमाध्यमको विकाशको गति द्रुत रुपमा हुदैं जादा त्यहाँ काम गर्ने हजारौं संचारकर्मीहरुको पेशागत सुरक्षा र हकहितको संरक्षणको प्रसंङ्ग अछुतो रहने प्रश्नै थिएन । सयौ संचार माध्यममा काम गर्ने हजारौ श्रमजीवी पत्रकारहरुले विभिन्न रुपमा आफ्नो पेशागत हक हित सुरक्षा र अधिकारको माग गर्न थाले पछि २०५१ सालमा पहिलो पटक नेपालमा श्रमजीवी पत्रकार ऐन बन्यो ।